# विश्वेश्वरप्रसाद कोइरालाका यौनमनोवैज्ञानिक कथाका विषयस्रोत

❋कृष्णहरि आले मगर

kishnn@gmail.com

*अध्ययनसार*

*यस लेखमा विश्वेश्वरप्रसाद कोइरालाका कथाहरूमा प्रयुक्त कथामा यौन मनोविज्ञानको प्रयोगको विषयस्रोतको खोजी गरिएको छ। उनका कथाको विषय वा स्रोत समाजमा रहेका विभिन्न पात्रका जीवन र त्यसका विभिन्न समस्यालाई प्रस्तुत गरिएका छन्। समाजभित्रका विभिन्न पात्रहरूका कुरालाई आफ्ना कथाहरूमा जीवनका साधारण कुरालाई टपक्क टिपेर साधारण प्रकारले व्याख्या गर्दै मानसिक विश्लेषण भएका छन्। कोइरालाले विभिन्न प्रकारका पात्रहरू संयोजन गरी उच्च वर्ग भनिएका ठुलाठालु वा सामन्त, मध्यम वर्गका मास्टर र सरकारी जागिरे तथा निम्नवर्गका सिपाही, रिक्सा चालक र नोकर नोकर्नीहरूका माध्यमबाट कथानक अगाडि बढाएका छन्। यसै गरी उनका कथाका पात्र कोही बालविवाह र अनमेल विवाहका सिकार बनेका छन् त कोही शारीरिक विकृतिमा रुमल्लिएका पाइनुका साथै कोही प्रेमको असफलताबाट उत्पन्न यौन कुण्ठाले पीडित बन्दै चेतन, अवचेत र अचेतनको द्वन्द्वका हाँडीमा भुटिएका छन्। यसरी कथाकार कोइरालाले उल्लिखित विविध वर्गीय र आफ्नै वैयक्तिक, आर्थिक, सामाजिक एवम् यौनसमस्या र तिनबाट उत्पन्न कुण्ठा र पीडाको चित्रण गरेको पाइन्छ। यिनै सामाजिक घटना र विषयलाई कोइरालाले कथाको विषयस्रोत बनाएका छन् भन्ने निष्कर्ष निकालिएको छ।*

**मुख्य शब्दावली** : यौनकुण्ठा, चेतन, अवचेतन , मानसिक द्वन्द्व र नियति।

## विषयपरिचय

विश्वेश्वरप्रसाद कोइराला (वि.सं. १९७१-२०३९) नेपाली साहित्यका प्रख्यात कथाकार हुन्। वि.सं. १९९२ मा 'चन्द्रवदन' नामक कथा प्रकाशन गरी नेपाली साहित्यको कथा क्षेत्रमा लागेको पाइन्छ। चौध-पन्ध्र वर्षको उमेरदेखि हिन्दी भाषामा कथा लेख्न थालेका कोइरालाले १९९२ देखि नेपाली भाषामा कथा लेखनको आरम्भ गरेको र त्यो क्रम २०२० सम्म नै कायम राखेको पाइन्छ। उनको कथा सङ्ग्रहका रूपमा पहिलो कथासङ्ग्रह *दोषी चश्मा* (२००६) प्रकाशन भएपछि विश्वेश्वरप्रसाद कोइरालाको कथाकार व्यक्तित्व सार्वजनिक भएको हो। यसपछि कोइरालाका *श्वेतभैरवी* (२०३९) र *विश्वेश्वरप्रसाद कोइरालाका कथाहरू* (२०५०) सङ्ग्रहहरू प्रकाशित भएका छन्। आधुनिक नेपाली कथाको फ्रायडीय मनोवैज्ञानिक धाराको सुरुवात विश्वेश्वरप्रसाद कोइरालाको 'चन्द्रवदन' कथाबाट भएको हो। कोइरालाका कथाहरू यौनवादी, अस्तित्ववादी, विसङ्गतिवादी, नारीवादी, नियतिवादी, मानवतावादी मनोविश्लेषण तथा मिथकीय प्रवृत्तिमा आधारित छन्। कोइरालाका कथाहरूको विभिन्न प्रवृत्ति वा कोणबाट अध्ययन विश्लेषण एवम् शोध कार्य भए पनि यौनमनोविश्लेषण र तिनको विषयस्रोतको अध्ययनका दृष्टिले कोइरालाका कथाहरूको सम्यक् अध्ययन हुन सकेको छैन। त्यसैले यस लेखमा विश्वेश्वरप्रसाद कोइरालाका कथाहरूमा यौनमनोवैज्ञानिक कथाको स्रोत अध्ययन-विश्लेषण गरिएको छ।

## सैद्धान्तिक पर्याधार

फ्रायडीय सिद्धान्तमा वासनात्मक प्रवृत्तिलाई सर्वोपरि स्थान दिएको पाइन्छ, जसलाई शब्दान्तरमा यौन सिद्धान्त भनिन्छ (ढकाल,२०५६, पृ.४४)। फ्रायडीय सिद्धान्तको मूल आधार मनोलैङ्गिक विकास हो। मनोलैङ्गिक शब्दको अर्थ लैङ्गिक मूल प्रवृत्ति हो। यस सिद्धान्तअनुसार व्यक्तित्वको विकास बाल्यकालीन अनुभूतिहरू तथा जन्मजात यौनऊर्जा (लिबिडो) शृङ्खलाबद्ध विकासमा भर पर्छ। फ्रायडले यस शृङ्खलालाई व्यक्तित्व निर्माणका लागि निर्णायक मानेका छन्। शरीरका खास अङ्गहरूमा आनन्दको अनुभूति ग्रहण गर्ने क्षमता हुन्छ। ती मनोलैङ्गिक शृङ्खलाहरूका नाम हुन्- मौखिक (ओरल), गुदीय (एनल), लैङ्गिक (फैलिक), र जननेन्द्रिक (जेनाइटल) आदि।

❋ **लेखक अनुसन्धान र प्राध्यापनका क्षेत्रमा सक्रिय छन्।**

मौखिक शृङ्खलाको प्रारम्भ जन्मपछि पहिलो वर्षसम्म रहन्छ। यसमा बच्चा धेरै नै आश्रित हुन्छ एवम् उसको मुखलाई उत्तेजना प्राप्तिको प्रमुख अङ्ग मान्न सकिन्छ। यस अवस्थामा बच्चाले सर्वाधिक आनन्द चुसेर, टोकेर एवम् खानेकुराबाट पाउँछ। गुदीय शृङ्खला दुई वर्षदेखि तीन वर्षसम्मको अवस्थाभित्र पर्छ। यसमा बच्चाले मलद्वारबाट दिसा उत्सर्जित गर्ने प्रक्रिया वा त्यसलाई रोक्ने प्रक्रियाबाट आनन्द प्राप्त गर्दछ। लैङ्गिक अवस्थाको विकास तीन वर्षदेखि पाँच वर्षको अवस्थासम्म हुन्छ। यस अवस्थामा बच्चाले आफ्नो यौनाङ्गलाई चलाएर, खेलाएर वा उत्तेजित गरेर आनन्द प्राप्त गर्छ। यसपछि लुप्त अवस्था देखापर्छ जुन अवस्था छ वर्षदेखि सुरु भएर बाह्र वर्षको अवधिसम्म रहन्छ। जननेन्द्रिक अवस्था बाह्र वर्षदेखि प्रारम्भ हुन्छ। यस अवस्थामा विषमलिङ्गी प्रेमतिर व्यक्तिहरू आकर्षित हुन्छन्। यी अवस्थाहरूमा हुने प्रगतिलाई एक जटिल अन्तः प्रक्रियाको रूपमा लिइन्छ। यो अन्तः प्रक्रिया वातावरणसँग तादात्म्य गर्नका लागि हुन्छ। आमाबुबाको माया, प्रेम, दण्ड र पुरस्कारको फलस्वरूप बच्चाहरूमा शील गुणहरूको बीजारोपण हुन्छ।

प्रत्येक शृङ्खलालाई अन्तर्द्वन्द्व र तनावरहित पार्नका लागि सुहाउँदो मात्रामा सन्तुष्टि चाहिन्छ। यदि कुनै खास उमेरमा बच्चालाई थोरै सन्तुष्टि प्राप्त हुन्छ भने ऊ आत्मकेन्द्रित (सेल्फसेन्टर्ड), आत्मरत्यात्मक (नारसिस्टिक), निराश र चिन्तित हुन्छ एवम् यसको मात्रा बढी भएमा बच्चा स्थिर (फिक्स) देखिन्छ तथा उसको व्यक्तित्व पराश्रित (डिपेन्डेन्ट) एवम् अपूर्ण हुन जान्छ। स्थिरीकरणको फलस्वरूप व्यक्तित्वको पूर्ण विकासमा अवरोध पर्न जान्छ। यसप्रकार मौखिक स्थिरीकरण भएमा ऊ तरूण (वयस्क) भएमा पनि नङ टोक्ने, औंला चुस्ने हुन्छ एवम् गुदीय अवस्थामा कठोरतासाथ बच्चालाई मलोत्सर्जन गराउने तालिम दिएमा उभित्र झर्कने, हठी र अति चासो राख्ने खालका प्रवृत्तिहरू देखा पर्छन्। लैङ्गिक अवस्थामा बालबालिकाहरूभित्र आफ्ना विषमलिङ्गी आमाबाबुप्रति प्रेम हुने भावनाग्रन्थिको उदय हुन्छ। फ्रायड भन्छन् कि भावनाग्रन्थिहरू बाल्यकालका वास्तविक र स्वाभाविक पक्षहरू हुन्। छोराले आमाप्रति यौन आकर्षण देखाउँछ र बाबुप्रति विकर्षण देखाउँछ भने छोरीले बाबुप्रति यौनआकर्षण तथा आमाप्रति विकर्षण देखाउँछन्। उक्त सन्दर्भमा छोराभित्र जागृत हुने भावनाग्रन्थिलाई मातृग्रन्थि तथा छोरीभित्र जागृत हुने भावनापुञ्जलाई पितृग्रन्थि भनिन्छ (रेग्मी, २०५०,पृ.६)।

लैङ्गिक अवस्थामा बच्चाले अमान्य र अवैध योजनात्मक चाहनाहरू तथा मातृग्रन्थिको दमन (रिप्रेसन) गर्छ। यसको समाधान तादात्म्यीकरणबाट हुन जान्छ। त्यसो हुन नसकेमा बच्चाहरूमा पछि गएर परपीडक (सेडिस्टिक) र स्वपीडक (मेसोकिस्टिक) व्यक्तित्व विकृतिहरू देखापर्छन्। यो अवस्थापछि लुप्तावस्था (लेटोन्सी पिरियड) आउँछ। बच्चाहरू यस अवस्थामा समलिङ्गी साथीहरूसँग खेल्न रूचाउँछन्। यो शान्त अवस्था छदेखि बाह्र वर्षसम्म रहन्छ, तदुपरान्त किशोरावस्थाको आगमन हुन्छ। लैङ्गिक अवस्थाको आत्मकेन्द्रित सन्तुष्टि विषमलिङ्गी साथीहरूसँग सम्बन्धको पारस्परिक सन्तुष्टिमा स्थानान्तरित हुन्छ। क्रमशः उनीहरू समाजको परिपक्व प्रेमी, उद्योगी र उत्पादक सदस्यको रूपमा अघि बढ्छन्।

वस्तुतः फ्रायड आधुनिक पश्चिमी चेतनाका तीन महान् निर्मातामध्य एक हुन्, उनी विकासवादका द्रष्टा डार्विन र द्वन्द्वात्मक ऐतिहासिक भौतिकवादका द्रष्टा कार्ल मार्क्ससित तुलनीय छन्। फ्रायडको यौन सिद्धान्तले विकासवाद र मार्क्सवादले जस्तै परम्परागत पश्चिमा संस्कृति, मूल्य र दृष्टिको खण्डन गर्दै जीवन र जगत्‌सम्बन्धी नयाँ दृष्टिकोणका क्रममा ऐतिहासिक भूमिका खेलेको पाइन्छ (त्रिपाठी, २०५८,पृ. १८०)।

फ्रायडका अनुसार मानिसको स्वतन्त्र यौनवृत्ति र समाज-निर्माणका क्रियाहरू अत्यन्त विपरीत प्रकृतिका हुन्छन्। समाजको संस्कृति र सभ्यता-निर्माणका लागि सबैभन्दा ठुलो खतरा त्यहाँ हुन्छ, जहाँ काम-आवेगलाई खुला छुट मिल्छ र त्यो आफ्नो सुरु कै लक्ष्यतिर जान स्वतन्त्र हुन्छ। समाज आफ्नो परिवर्तनमाथिको हस्तक्षेप मन पराउँदैन। यसर्थ नै सामाजिक नियम बन्धनमा व्यक्तिका यौन-क्रियाकलापहरूलाई सधैं नै निश्चित सीमाभित्र अटाउने प्रबन्ध मिलाइएको हो भन्ने अन्य मनोविश्लेषकहरूको पनि धारणा रहेको पाइन्छ (फ्रायड, १९६०,पृ.१९)।

पाश्चात्य समालोचना परम्परामा यौनमनोविश्लेषणात्मक अध्ययन पद्धतिका रूपमा विकसित मान्यताका आधारमा सैद्धान्तिक पर्याधार तयार गरी त्यसैका आधारमा विश्वेश्वरप्रसाद कोइरालाका कथाहरूमा निहित यौनमनोविज्ञानको विषयस्रोतको अध्ययन-विश्लेषण गरिएको छ। विश्लेषणका लागि विश्वेश्वरप्रसाद कोइरालाका कथाका

यौनमनोविज्ञानअन्तर्गत कथाको विषयस्रोतमा यौनलाई प्रमुख आधार बनाइएको छ। कथाको विश्लेषणपूर्व चेतन, अचेतन, अर्धचेतन, सामाजिक, जातीय, वर्गीय लैङ्गिक विषयका केन्द्रीयतामा यौनमनोविश्लेषणसम्बन्धी सैद्धान्तिक ढाँचा निर्माण गरी त्यसैका आधारमा व्याख्या विश्लेषण गरिएकाले यो अध्ययन मुख्यतः निगमनात्मक विधिमा केन्द्रित रहेको छ।

**विश्वेश्वरप्रसाद कोइरालाका यौनमनोवैज्ञानिक कथाका विषयस्रोत**

विश्वेश्वरप्रसाद कोइरालाले आफ्ना कथाहरूमा जीवनका साधारण कुरालाई टपक्क टिपेर साधारण प्रकारले व्याख्या गर्दै मानसिक विश्लेषण गरेर सूक्ष्म र गूढ अध्ययन गरेको पाइन्छ। उनले विभिन्न प्रकारका पात्रहरू संयोजन गरी उच्च वर्ग भनिएका ठुलाठालू वा सामन्त, मध्यम वर्गका मास्टर र सरकारी जागिरे तथा निम्नवर्गका सिपाही, रिक्सा चालक र नोकर नोकर्नीहरूका माध्यमबाट कथानक अगाडि बढाएको पाइन्छ। ती पात्रहरूमा कोही वैभवविलासमा लिप्त प्रभुताले युक्त छन् भने कोही दासताजनित लघुताभास र हीनताबोधले आक्रान्त देखिएका छन्। कोही सामाजिक विधिविधानको निषेधका कारणबाट मन भित्रभित्रै पिल्सिएर विवशतापूर्ण जिन्दगीका दिनहरू बिताइरहेका देखिन्छन् भने कोही गरिबीको किचाइमा परेर निसास्सिदै काम र मामको खोजीमा मधेसतिर झरेका भेटिन्छन्। यसैगरी कोही बालविवाह र अनमेल विवाहका सिकार बनेका छन् त कोही शारीरिक विकृतिमा रुमल्लिएका पाइनुका साथै कोही प्रेमको असफलताबाट उत्पन्न यौनकुण्ठाले पीडित बन्दै चेतन, अवचेत र अचेतनको द्वन्द्वका हाँडीमा भुटिएका छन्। यसरी कथाकार कोइरालाले उल्लिखित विविध वर्गीय र आफ्नै वैयक्तिक, आर्थिक, सामाजिक एवम् यौनसमस्या र तिनबाट उत्पन्न कुण्ठा र पीडाको विस्फोटक अवस्थाको प्रत्यङ्कन गरेको पाइन्छ। यहाँ 'चन्द्रवदन', 'बिहा', 'सिपाही', 'प्रेम' (पहिलो), 'दुलही', पाँच कथाहरूलाई यौन मनोविज्ञानको सिद्धान्तका आधारमा विषयस्रोतको विश्लेषण गरिएको छ।

**'चन्द्रवदन' कथाको विषयस्रोत**

प्रस्तुत कथा एउटा सानो ग्रामीण जीवनको पृष्ठभूमिमा रचना गरिएको सामाजिक कथा हो। १९ वर्षीय चन्द्रवदनले जेल गएको पतिको सम्झनामा आफ्नी नाबालिका छोरीसँग जीवन बिताउन परेको अवस्थालाई विषयस्रोतका रूपमा लिइएको छ। घरको कामकाज गर्दा समय बितेको थाहै नहुने चन्द्रवदन काम सकिएपछि मनमा अनेक प्रकारका कुरा खेलाउन थाल्छिन्। यसै क्रममा आफ्नो पतिले कहिल्यै माया नगरेको कुरा स्मरण गर्छिन्। चैत-वैशाखको महिना उसलाई दिन लामो लाग्छ। गर्मीले उसको शरीर तातेर आउँछ। शरीरको अङ्गहरू वाफिएको अनुभव गर्छे। समसाँझमै बिछ्यौनामा जान्छे तर निद्रा लाग्दैन। बिछ्यौनामा पल्टदै आफ्ना पति कहिले जेलबाट छुट्लान् भनेर सोच्छे। चन्द्रवदनले यौन के हो त भनेर राम्ररी थाहा नहुँदै छोरी पाउँछे। जब यौन र यौनानन्दका बारेमा थाहा हुँदै जान्छ, त्यसबखत उनको लोग्ने जेलमा परेको हुन्छ। काम बिगार्दा रिसाउने, गाली गर्ने र कहिल्यै माया नगर्ने लोग्नेप्रति चन्द्रवदनको माया पलाउनु उसको यौनाशक्ति हो भन्न सकिन्छ।

> *कोठा अँध्यारो थियो। ढोकामा मात्र कताकताबाट जूनको उज्यालो परिरहेको थियो। बिछ्यौनाको चिसो कुनातिर ढल्केर तकियाबाट शिर झारिकन चन्द्रवदन आफ्ना दुलहाको विषयमा सोच्न थाली- 'कहिले उनी छुट्लान् ? उनी के सोच्दा होलान् ? मलाई सम्झिन्छन् कि सम्झिदैनन् ? तिनी यहाँ छँदा त ... अहँ कुन्नि माया गर्थे गर्दैनथे। रिसाइ मात्र रहन्थे। म डराउँथे तिनीदेखि। कहिले मायाको कुरा गरेनन्। केवल काम बिग्रिँदा मात्रै, तरकारी मीठो नहुँदा या अरू केही काम बिग्रिँदा मात्रै उनी रिसाउँथे। के पतिपत्नीको माया यही हो (पृ.११३)*।

चैत-वैशाखको त्यो लामो दिनमा चन्द्रवदनलाई दिनहरू बिताउन अति कठिन हुन्छ। घरधन्दा सकेर पनि उसको समय धेरै नै बाँकी रहन्थ्यो। यौनले बल्लबल्ल शरीरमा कुतकुताउन थालेको बेला चन्द्रवदनले बाल्यकाल देखिको साथी कालिकालाई सम्झिन्छन्। ऊ आफ्नो पतिसँग हाँस्दै, रम्दै, खुसीले उज्यालो अनुहार लगाएर हिँडिरहेकी सम्झिन्छन्। कालिकाप्रति उसको ईर्ष्या भाव जागेर आउँछ। कालिका खुसी र सन्तुष्टी भए जस्तै आफूलाई पनि सम्पूर्ण शरीर नै सन्तुष्ट पार्न मन लाग्छ। चन्द्रवदन कल्पनामा हराउन थाल्छे- *'कालिकाको कस्तो उज्यालो, सन्तुष्ट मुख छ- निश्चय त्यसले आफ्नो*

*पतिको प्रेम पाइहोली । उसले एकचोटी कालिकाको पतिलाई देखेकी थिई, त्यस्तै मान्छेले मात्र आफ्नी पत्नीलाई सुख दिन्छ । बिस्तारै-बिस्तारै उसलाई कालिकामाथि डाह उठ्यो । म उसकी दुलही भएको भए .... (पृ.११३)'*

चन्दवदन एउटी बच्चीकी आमा भए तापनि भर्खर १९ वर्ष मात्र टेकेकी उनमा यौनाकाङ्क्षा अधिक रहेको स्पष्ट हुन्छ। आफ्नो इच्छानुरूप खाना खाने, लुगा लगाउने, चिटिक्क परेको अनुहार र बान्की परेको शरीर देखेर पल्लो घरको बार्दलीबाट एउटा जुल्फीवालाले हेर्न थाल्छ। सुरुका दिनहरूमा जुल्फीवालाको हेराई चन्द्रवदनलाई पटक्कै मन पर्दैन। पश्चिमतिरको चिसो हावा स्पर्श गर्न मन लाग्दालाग्दै पनि मजेत्रोले शिर छोपेर भित्र पस्छे। त्यो जुल्फीवाको हेराई बिर्सनलाई भित्र कोठामा गएर छोरीसँग खेल्छे। भोलिपल्ट पनि त्यो मान्छेले त्यसरी नै हेरिरहको हुन्छ। यसरी त्यो मान्छेको हेराई सुरुसुरुमा घृणा लागे पनि चन्द्रवदन क्रमशः आकर्षित हुँदै जान्छे।

> *"सधैँ चन्द्रवदन त्यो जुल्फीवालालाई कहिले बार्दलीमै, कहिले पानी भर्न जाँदा बाटामा देख्दथी । सधैँ त्यसको जुल्फी तेलले चिपिल्ल रहन्थ्यो । चन्द्रवदनलाई कहिले पनि त्यो भद्र मनुष्यजस्तो लागेन, र जहिले पनि त्यसको दृष्टिबाट हट्ने प्रयास गर्थ । तर अहिले बारदलीमै छ कि त्यहाँबाट गइसक्यो ? भन्ने सोच्दै फेरि बारदलीमा आउँथी । त्यो जुल्फीवाला त्यहीँ आफ्नो बारदलीमा रहन्यो । त्यसै गरी निहुँ खोजीखोजी हेर्दथी । .... धोएको नयाँ लुगा लगाएपछि पनि एकचोटी जुल्फीवालालाई हेर्न मन लाग्थ्यो । त्यसै केही कामले होइन । जुल्फीवालालाई हेर्नु त्यसको एउटा नियम जस्तो भएको थियो (पृ.११४) ।"*

प्रस्तुत साक्ष्यमा चन्द्रवदनले त्यस युवकलाई घृणा गरे तापनि पछि उसैसँग आकर्षित भएको छ। सुरुमा ऊ टाउकोमा कपडा राखी बार्दलीको ढोका बन्द गरेर परपीडनमा लागेकी छ। चेतन मनले युवकलाई गाली गर्छ तर लिविडोको कारणले ऊ शिथिल हुँदै जान्छे। सफा लुगा, गाजल, टीका, सिन्दुर लगाएर आफ्ना दमित यौनचाहना पूरा गर्न परपुरुषलाई स्वीकार्न ऊ आतुर भएकी छे।

**'बिहा' कथाको विषयस्रोत**

'बिहा' कथा विश्वेश्वरप्रसाद कोइरालाको प्रथम चरणमा लेखिएको कथा हो। नेपाली समाजमा चलिआएको बालविवाह तथा अनमेल विवाहले पारेको प्रभावलाई विषयवस्तुमा समेटिएको छ। ४०/४५ वर्षको कटकबहादुर र १४ वर्षकी हरिमतीबीच भएको विवाहले एक अर्काको यौनमनोविज्ञानलाई बुझाउन कथामा प्रेमको प्रदर्शन गरिएको छ। आफ्नी पहिली श्रीमती मरेपछि श्रीमतीको आवश्यकता र आफ्नो जैविक चाहना पूरा गर्न आफू भन्दा ३० वर्ष कलिली बालिकालाई विवाह गरी घरगृहस्थी चलाउन कटकबहादुरले हरिमतीलाई विवाह गर्न पुग्दछ। जसले आफूभित्र भएको यौन चाहना र बालिकाको प्रेम भावलाई सम्बोधन गर्न सकेको छैन। आफ्नो यौन चाहना पूरा गर्न हरिमतीसँग नजिकिएको तर अबोध बालिकाले यौन र शारीरिक भोकलाई नबुझेकाले कटकबहादुरभित्र दमित यौन चाहनाले आक्रान्त पारेको छ। उमेरको अन्तरले मानिसको आन्तरिक चेतनालाई बुझ्न र बुझाउन निकै कठिन हुन्छ। कान्छी श्रीमतीकी रूपमा भित्रिएकी हरिमतीले आफ्नो लोग्नेले आफूलाई देखाएको मायामा यौनभोक नदेख्नु दुवैमा कामेत्तेजना उत्पन्न हुन नसक्नु र त्यसले जीवनमा पारेको प्रभावलाई कथाले विषयवस्तु बनाएको छ।

कटकबहादुर विभिन्न कार्यद्वारा हरिमतीलाई यौनकर्मप्रति आकर्षण गर्न खोज्दछ। कटकबहादुरको इच्छा र मानवीय संवेगलाई हरिमतीको उमेर र चेतनाले बुझ्न सक्दैन, जसका कारण कटकबहादुरको जीवन आन्तरिक दमित पीडाबाट आक्रान्त छ। कटकबहादुरको दमित यौन चाहना भित्रभित्रै सल्केको छ र अन्त्यमा पत्नीलाई पुत्रीवत् व्यवहार गर्न पुगेको छ। कथामा कटकबहादुरले मिठामिठा गफ गरी शारीरिक सम्बन्ध राख्न चाहँदा हरिमतीले नबुझेको प्रसङ्गलाई यसरी प्रस्तुत गर्न सकिन्छ : 'म्वाइँ देऊ न त, कटकले आग्रह गरे '' यहाँ हरिमतीको आश्चर्यको सीमा रहेन र मेरा पनि। कटकबहादुरले के भनेर म्वाइँ खान खोज्यो ? सानी केटी भनेर की, दुलही भनेर ? बल्ल आफ्नो मुखलाई उसको मुखबाट सारेर हरिमतीले भनिन्-'मलाई निद्रा लाग्यो' (पृ.११७)।

यसरी म्वाइँ देऊ न त भन्नुको तात्पर्य कथा भित्र कटकबहादुरको कामोत्तेजनाले उभित्र पारेको मानसिक आवेगलाई चित्रण गरेको छ। आफू शारीरिक सम्बन्ध राख्न चाहन्छ तर हरिमतीले त्यसलाई बुझ्न सकेकी छैन, जसले गर्दा दुवैको बीचमा यौनको अचेतन रूप देख्न सकिन्छ।

पुरुष मनोविज्ञानले नारीप्रतिको यौनभावलाई कटकबहादुरको चाहनालाई प्रतिविम्बन गर्दै समाजमा देखिएको अनमेल विवाहले पारेको प्रभाव र त्यसले उब्जाएको दमित यौन चाहनालाई कथामा देखाउन खोज्नु कथाकारको उद्देश्य हो। कटकबहादुरकी पहिली श्रीमतीको मृत्यु हुनु, दोस्रो बालिकालाई विवाह गर्नुजस्ता घटनाले उसको जीवनमा देखिएको यौनअभाव र पूर्तिलाई प्रतिनिधित्व गरेको छ। गृहस्थी जीवनमा विवाह गर्नुको उद्देश्य शारीरिक आवश्यकता पूर्ति गर्नु पनि हो, तर अनमेल विवाहका कारण उमेरबीच तालमेल नमिल्दा चेतना र संवेगलाई समेत समन्वय गर्न सकिन्न भन्ने सत्यतथ्यलाई कथाले प्रष्ट पारेको छ। श्रीमतीको आवश्यकता पूरा गर्न बिहे गरेकी कन्यालाई पुत्रीवत् व्यवहार गर्न पर्नु कटकबहादुरको विडम्बना बनेको छ। 'बिहे' कथाले उमेर पुगेका पुरुषभित्रको दमित यौन चाहना र अबोध बालिकाले बुझ्न नसकेको यौन आग्रहलाई विषयवस्तुका रूपमा प्रस्तुत गरेको छ।

**'सिपाही' कथाको विषयस्रोत**

'सिपाही' कथा सिपाहीको जीवन प्रवृत्ति र मनोदशाको विश्लेषण गर्ने सन्दर्भमा सिपाहीको यौनजीवन खोतल्ने क्रमलाई विषयस्रोतका रूपमा उठान गरिएको छ। सानै उमेरमा घर छोडेर मुग्लान पसेको एउटा पुरुष सिपाहीका रूपमा आफ्नो पहाड घरतिर फर्कदा बाटामा भेटिएकी नारीहरूप्रति आशक्त भाव राख्दै आफूभित्रको दमित यौनकुण्ठालाई प्रदर्शन गर्ने विषय वा स्रोत 'सिपाही' कथामा रहेको छ।

सिपाही एक पुरुष पात्र हो। पसल्नी बूढी उसकी तरूनी छोरी, युवतीहरू घँसिनी केटीहरूलाई रतिरागात्मक भावले हेर्दै तिनीहरूप्रति आकर्षित सिपाहीहरूले आफूभित्रको यौनभोग तथा चाहनालाई प्रस्तुत गरेको छ। सिपाही बाटामा भेटिएका घँसिनी केटीहरूलाई जिस्क्याउँछ। उनीहरूको शारीरिक अङ्ग हेरेर यौनविम्ब बनाउँछ। पसल्नी बूढीकी छोरी देख्नासाथ उसलाई अँगाल्न पुग्दछ र आफ्नो यौन चाहनालाई पूरा गर्न ठाउँठाउँमा बास बस्दै नारीको शरीरको भोग गर्न तम्तयार रहेको छ। बाटोमा भेटिएकी अधवैंशे महिलालाई सम्बोधन गर्दै ऊ यस्तो प्रश्न गर्छ- तपाईकी सानी छोरी कस्ती छ ? भन्नुहोस् न, मेरी मन परेकी सासू (पृ ९०)।

यसरी कलिली युवतीप्रतिको उसको आकर्षण केवल शारीरिक तृष्णा मेटाउनका निम्ति मात्र भएको देखिन्छ। कुराकानीको सन्दर्भमा तपाइकी स्वास्नी खोइ त ? भन्ने प्रश्नमा ऊ भन्छ- मेरी एटी दुलही पनि छ तर यतै पहाडतिर। त्यो रोगी र वेकामेकी छ, तैपनि दुईवटा छोराछोरी भइहाल्यो (पृ.९८)। आफ्नो यौनभोग शान्त पार्न आफ्नी दुलहीको शरीरले नधान्ने भएकोले सिपाही अरू नारीप्रति आकर्षित बन्नु ऊभित्रको अतृप्त यौन चाहना हो। यस कथाको विषयवस्तु समाजमा एउटा पुरुषले नारीप्रति यौन अनुरागको भावनाले बनाउने सम्बन्धप्रति लक्षित रहेको छ।

आफ्नी श्रीमती रोगी र बेकाम भएका पुरुषहरूले आफ्नो यौन चाहना, यौनभोग तृप्त गर्न अन्य महिलालाई विभिन्न बहानाले सम्बोधन गर्दै नजिकिन चहान्छन् भन्ने सामाजिक विषयलाई कथाले उठान गरेको छ।

'सिपाही' कथा पुरुष यौनमनोविज्ञानको अवस्थालाई चित्रण गर्न सफल कथा हो। हाम्रो समाजमा पुरुषले नारीप्रति केवल यौनका दृष्टिले मात्र सम्बन्ध बढाउन खोज्छन् भन्ने यथार्थलाई सिपाही जस्तो प्रतिनिधि पात्रका माध्यमबाट देखाउन खोजिएको छ। घरमा श्रीमती हुँदाहुँदै परस्त्रीप्रति आँखा लगाउने र तिनीहरूसँग सम्बन्ध बढाउन खोज्ने पात्रहरूको कमी छैन भन्ने पुरुष यौनमनोविज्ञानलाई कथाले चित्रण गरेको छ। बाटामा भेटिएकी युवतीहरूलाई जिस्क्याउनु, अधवैंशेहरूका छोरीको अवस्था बुझ्नु, पसल्नी बुढीकी छोरीसँग रात बिताउनु जस्ता अनगिन्ती घटनाबाट यस कथाको विषयस्रोत यौनमनोविज्ञान नै हो भन्न सकिन्छ।

'सिपाही' कथामा आएको पुरुष पात्र सिपाहीभित्र केवल यौनवादी चिन्तन छ। ऊ कुनै युवतीलाई देख्नासाथ आफ्नो मस्तिष्कमा यौनविम्ब बनाउँछ र उसँग यौनसम्बन्ध राख्न आतुर बन्छ। यस कुराबाट के पुष्टि हुन्छ भने सिपाही पात्र यौन र युद्धमा मात्र हरदम चिन्तनशील रहेको छ। युद्ध उसको कार्यका रूपमा आएको छ भने यौनलाई सुखभोगका रूपमा मानेको छ। आफूलाई बलिष्ठ पुरुष भएका कारण सुन्दरी युवतीलाई भोग्न खोज्नु ऊभित्रका दमित यौनभोग हो भन्न सकिन्छ। सिपाहीजस्ता पात्र समाजमा रहेका असङ्ख्य पुरुष पात्र प्रतिनिधि पात्रका रूपमा कथामा प्रस्तुत भएको छ। कथाका मुख्य विषयस्रोत यौनमनोविज्ञान नै हो भन्न सकिन्छ।

**'प्रेम' (पहिलो) कथाको विषयस्रोत**

धनाढ्य परिवारमा हुर्किएकी एउटी नारीको मनमा देखिएका पुरुषप्रतिको अनुरागलाई 'प्रेम' कथाको विषयवस्तु बनाइएको छ। धनसम्पतिले मात्र मानिसको सबै इच्छा आकाङ्क्षा पूरा हुन सक्दैन। ऊ खुसी र सुखी हुन मानसिक तृप्ति र शारीरिक आवश्यकता पनि पूरा हुनु पर्दछ भन्ने नारी यौनमनोविज्ञान यस कथामा पाइन्छ।

कथामा सुखसयलमा हुर्केकी राजकुमारी विस्तारै यौवनाअवस्थामा प्रवेश गर्दा ऊभित्र पुरुषप्रतिको आस्थाभाव बढ्दै गएको देखिन्छ। बाबुसँगको सामिप्यता पनि औपचारिकतामा बदलिएपछि आफ्ना घरको नोकरहरू रामे, श्यामेसँग नजिकिन खोज्नु राजकुमारीको पुरुषप्रतिको अनुराग हो। हुर्किएकी नारी पुरुषप्रति आकर्षित हुनु भनेको उसको शारीरिक भोक तृप्तिको बाटो हो। आफ्नो नोकरचाकरसँग भन्दा नजिकको झुप्रोका ब्राह्मणसँग नजिकिएर सम्बन्ध बनाउने उसको आन्तरिक चाहना पूरा गर्न रातमा ऊ सफल भएकी छ। कथामा अभिव्यक्त प्रेम मानसिक नभई शारीरिक भएकोले यो कथा नारी यौनमनोविज्ञानमा आधारित कथा हो भन्न सकिन्छ।

पहिले सबै गुणले सम्पन्न लागेको ब्राह्मण र उसको झुप्रोप्रतिको आशक्ति एक रातको सामिप्यता र सहवासपछि मुक्त भएको छ। शारीरिक भोगको तृप्तिपछि पुनः सामान्य बनेकी राजकुमारीको ब्राह्मणप्रतिको मोह केवल यौन भोक मेटाउने माध्यमका रूपमा आएकाले यस कथाको विषय वा स्रोत नारी यौनमनोविाज्ञान नै हो भन्न सकिन्छ।

एउटी नारीले एक रात पुरुषसँग बिताइसकेपछि सामाजिक दृष्टिमा बिटुलिन्छे भन्ने डर राजकुमारीको मानसिक संवेगमा पाइन्छ। त्यसैले ब्राह्मण पुरुषको अँगालोबाट मुक्त भएर रातमा नै ऊ आफ्नो कोठाको बिछ्यौनामा पुगेकी छ। चढ्दो उमेरको कारण कुनै पनि पुरुषप्रति देखिएको आशक्ति, अनुराग वा आकर्षण प्रेम नभई यौनचाहना र तृप्तिको बाटो हो, भन्दै कथाले नारीको मनमा रहेको आन्तरिक चाहनालाई प्रतिबिम्बन गरेको छ।

प्रेम मानसिक नभइकन शारीरिक मात्र पनि हुन्छ। कसैको जीवनप्रतिको सतही बुझाइमा मानसिक प्रेम भए तापनि शारीरिक तृप्तिपछि त्यो स्वतः हट्छ भन्ने यथार्थ राजकुमारीको कार्यशैलीले देखाएको छ। वास्तवमै प्रेम कथाले धनाढ्य परिवारमा जन्मदैमा सबै इच्छा, आकांक्षाहरू पूरा गर्न सकिन्छ भन्ने होइन कि शारीरिक, मानसिक चाहना तृप्तिका लागि सामान्य साध्य र साधनको पनि आवश्यता पर्दछ भन्ने विषयलाई धनवीरको सम्पन्नतामा हुर्किएकी राजकुमारीको उदासीपन, नीरसता र गरिब ब्राह्मणप्रतिको आकर्षणले प्रतिबिम्बन गरेको छ। राजकुमारी पुरुष नोकरहरूप्रति आकर्षित हुनु, ब्राह्मणको दैनिकीलाई नजिकबाट नियाल्नु, ऊप्रति दयाभाव देखाउनु जस्ता क्रियाकलापले यस कथाको विषयस्रोत नारी यौनमनोविज्ञान नै हो भन्न सकिन्छ।

**'दुलही' कथाको विषयस्रोत**

'दुलही' कथा पुरुष यौनमनोविज्ञानमा आधारित कथा हो। यस कथाका मुख्य पात्र जगतवीरको सालीप्रतिको भ्रमपूर्ण आकर्षणलाई मूल कथ्य बनाइएको छ। बिहे गर्दा अत्यन्त राम्री लागेको श्रीमती पनि केही समयपछि सालीको रूप र सौन्दर्यको अगाडि कुरूप हुन्छे भन्ने यथार्थ कथामा अभिव्यक्त भएको छ। आफूलाई अत्यन्त आदर्श, असल र इमान्दार मान्ने पुरुष सुन्दरी युवतीको चङ्गुलमा परेपछि आदर्शहीन र चरित्रहीन बन्न पुग्छ भन्ने यथार्थलाई जगतवीरको चरित्रले पुष्टि गर्न खोजेको

छ। आफ्नो मनभित्रको अव्यक्त आकर्षण जगतवीरले व्यक्त गर्न सकेको छैन। एकदिन सालीको लोग्ने नहुँदा उसकै घरमा पुग्दाको मानसिक द्वन्द्वलाई यौनमनोविज्ञानको माध्यमबाट प्रस्तुत गर्नु यस कथाको मूल उद्देश्य हो।

आफ्नी श्रीमतीसँग मनमुटाव भएर हिँडेको जगतवीर सालीको घरको झ्यालबाट नारीले गरेको इसारा देख्दा द्विविधाग्रस्त अवस्थामा पुगेको छ। एकदिन सालीको लोग्ने नहुँदा झ्यालमा बसेर आफूलाई इसारा गर्ने सालीभित्रको तात्पर्य पक्कै पनि उभित्रको दमित यौनकुण्ठा हो भन्ने पुरुषमनोविज्ञानबाट ग्रसित जगतवीरले सँगै जीवन बिताइएकी आफ्नी दुलहीप्रति घृणाभाव र अनाशक्त विचार राख्नु, परस्त्रीप्रतिको यौनचाहना हो भन्ने बुझ्न सकिन्छ। सालीको शरीरप्रतिको आकर्षण उप्रतिको आशक्तताले आफ्नो अतृप्त यौन आकाङ्क्षालाई जागृत गराएको छ। भ्रममा मानिसहरू सत्य बुझ्न सक्दैनन्। यथार्थलाई अवलम्वन गर्न निकै कठिन हुन्छ भन्ने मानसिक द्वन्द्वकाबीच जगतवीर सजिलै सालीको घरमा पस्न सक्दैन। द्विविधाजन्य परिस्थितिमा जब ऊ सालीको कोठामा पुग्छ तब उसले झ्यालबाट इसारा गर्ने साली नभएर आफ्नै दुलही भएको थाहा पाउँछ। यसरी जति असल, राम्री, कर्तव्यपरायण श्रीमती हुँदा पनि प्रत्येक पुरुषका मनमा अन्य स्त्रीप्रति आकर्षण हुन्छ। राम्रा पक्षलाई पनि नराम्रो देख्ने प्रवृत्तिका कारण आफ्नो श्रीमती भन्दा अर्काकी श्रीमती राम्री र असल मान्ने पुरुषकेन्द्री मानसिक आचरणको चित्रण यस कथामा विषयस्रोतका रूपमा आएको छ।

कथाको विषयस्रोत पुरुष मनोविज्ञान नै हो। नारीप्रतिको सम्बन्धमा यौन आकाङ्क्षा र तृप्तिलाई प्राथमिकता दिने पुरुषहरू आफूलाई असल र नारीलाई चरित्रहीन मान्न पुग्छन्। वास्तविक यथार्थ नबुझी काल्पनिकतामा पुऱ्याउन खोज्नु पुरुषहरूको कमजोरी हो। सबै नारीहरू यौनको भोका हुँदैनन् तर सबै पुरुषहरू नारीलाई केवल यौन तृप्तिका साधन मान्दछन् भन्ने पुरुष यौनमनोवैज्ञानिक विषयवस्तुलाई कथाले प्रस्तुत गरेको छ। साली अलिक रसिली छे भन्ने त जगतवीरलाई उसै दिन थाहा भएथ्यो। जुन दिन दिदीलाई भेट्न भनेर त्यो दिदीकहाँ आएकी थिई (पृ.१३३)।

माथिको यस साक्ष्यले सालीको खुला व्यवहारलाई यौनाशक्त व्यवहार मान्ने जगतवीरको चिन्तन यौनकेन्द्रित देखिन्छ। उसको सालीप्रतिको मोह, शारीरिक आकर्षण केवल यौन तृप्ति नै हो भन्न सकिन्छ। यौवना सालीको शरीर र व्यवहार देखेर लोभिनु उसको यौनतृप्ति हो।

**निष्कर्ष**

विश्वेश्वरप्रसाद कोइरालाका कथाहरूमा यौन मनोविज्ञानको प्रयोग गरिएको छ। उनका कथाको विषय वा स्रोत समाजमा रहेका विभिन्न पात्रका जीवन र त्यसका विभिन्न समस्यालाई प्रस्तुत गरिएका छन्। समाजभित्रका विभिन्न पात्रहरूका कुरालाई आफ्ना कथाहरूमा जीवनका साधारण कुरालाई टपक्क टिपेर साधारण प्रकारले व्याख्या गर्दै मानसिक विश्लेषण भएका छन्। कोइरालाले विभिन्न प्रकारका पात्रहरू संयोजन गरी उच्च वर्ग भनिएका ठुलाठालु वा सामन्त, मध्यम वर्गका मास्टर र सरकारी जागिरे तथा निम्न वर्गका सिपाही, रिक्सा चालक र नोकर नोकर्नीहरूका माध्यमबाट कथानक अगाडि बढाएका छन्। ती पात्रहरूमा कोही वैभवविलासमा लिप्त प्रभुताले युक्त छन् भने कोही दासताजनित लघुताभास र हीनताबोधले आक्रान्त देखिएका छन्। कोही सामाजिक विधिविधानको निषेधका कारणबाट मन भित्रभित्रै पिल्सिएर विवशतापूर्ण जिन्दगीका दिनहरू बिताइरहेका देखिन्छन् भने कोही गरिबीको किचाइमा परेर निसास्सिदै काम र मामको खोजीमा मधेसतिर झरेका भेटिन्छन्। यसै गरी कोही बालविवाह र अनमेल विवाहका सिकार बनेका छन् त कोही शारीरिक विकृतिमा रुमल्लिएका पाइनुका साथै कोही प्रेमको असफलताबाट उत्पन्न यौन कुण्ठाले पीडित बन्दै चेतन, अवचेत र अचेतनको द्वन्द्वका हाँडीमा भुटिएका छन्। यसरी कथाकार कोइरालाले उल्लिखित विविध वर्गीय र आफ्नै वैयक्तिक, आर्थिक, सामाजिक एवम् यौनसमस्या र तिनबाट उत्पन्न कुण्ठा र पीडाको चित्रण गरेको पाइन्छ।

**सन्दर्भ सामग्री**

आचार्य, कुमार (२०३७), 'विश्वेश्वरप्रसाद कोइरालाको व्यक्तित्व-परिचय र उनका कथा एवम् कथाकारिताको विश्लेषण र मूल्याङ्कन', नेपाली स्नातकोत्तर, अप्रकाशित शोधपत्र, त्रि.वि. काठमाडौं।

आचार्य, गिरिराज (२०५७), *बी.पी. कोइरालाका साहित्यिक विचारहरू,* (दोस्रो संस्क), धरान : नेपाल बुक डिपो ।

आचार्य, गोविन्द (२०७०), *बी.पी. कोइरालाका कथाहरूको विश्लेषण,* काठमाडौं : पैरवी प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०६१), *समालोचनाको स्वरूप,* ललितपुर : साझा प्रकाशन ।

––––––––– (२०६२), *केही रचना केही विवेचना,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

काफ्ले, नारायणप्रसाद (२०६८), 'विश्वेश्वरप्रसाद कोइरालाका कथामा रूपविन्यास', अप्रकाशित नेपाली स्नातकोत्तर शोधपत्र, त्रि.वि., त्रिचन्द्र क्याम्पस ।

कोइराला, कुलप्रसाद (२०३९), 'औपन्यासिक मूल्य वि.प्र. कोइरालाको', *हाम्रो पुरुषार्थ,* वर्ष ९, अङ्क ३, (पृ.११३-११७) ।

कोइराला, खेम (२०४५), *साहित्यकार विश्वेश्वरप्रसाद कोइराला,* काठमाडौं : श्री विद्या प्रकाशन ।

कोइराला, जीवनचन्द्र (सम्पा. २०५३), *बी.पी. कोइराला : समालोचना र विचारमा,* काठमाडौं : बी.पी. अनुसन्धान तथा सेवा केन्द्र ।

कोइराला, विश्वेश्वरप्रसाद (२०७३), *दोषी चश्मा* (नयाँ संस्क.), अनामनगर, काठमाडौं : लिपि बुक्स प्रा.लि. ।

–––––– (२०७३), *श्वेतभैरवी* (नयाँ संस्क.), अनामनगर, काठमाडौं : लिपि बुक्स प्रा.लि. ।

घर्ती, दुर्गाबहादुर (२०६७), *मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्रविधान,* ललितपुर : साझा प्रकाशन, ।

चापागाईं, नरेन्द्र र दधिराम सुवेदी (२०५१), *विश्वेश्वरप्रसाद कोइरालाको साहित्यको समग्र अध्ययन,* विराटनगर : प्रतिभा पुरस्कार प्रतिष्ठान ।

ढकाल, भूपति (२०६०), *विश्वेश्वरप्रसाद कोइरालाका कथा र उपन्यासहरूको विश्लेषण,* काठमाडौं : ए.बी.सी. प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०५८), पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा, ललितपुर : साझा प्रकाशन ।

पौड्याल, परशुराम (२०६१), *कथाको रूपविन्यास : सिद्धान्त र विवेचना,* काठमाडौँ : बुद्ध एकेडेमिक पब्लिसर्स ।